भूमे साप्ताहिक
वर्ष ७ अङ्क ०९ असोज ०५ आईतबार

सम्पादकीय

# बजार अनुगमन कहिले ?

लुम्बिनी प्रदेशको हिमाली जिल्ला रुकुमपूर्व। भौगोलिक रूपमा दुर्गम, तर संस्कृतिको धरोहरले भरिपूर्ण छ। जिल्लाको तीन गाउँपालिका सिस्ने, भूमे र पुथा उत्तरगंगा गाउँपालिकामा बसोबास गर्ने जनताका लागि हरेकपर्व केवल धार्मिक आस्थासँग मात्र सीमित हुँदैन। जीवनमा खुशी र सामूहिकताको भावनासँग पनि गाँसिएको हुन्छ। दशैं, तिहार र छठजस्ता ठूला चाडबाडले गाउँघर रमाइलोले गुञ्जायमान हुन्छन्। तर यिनै चाडबाड बजारमा उपभोक्ताको लागि चुनौती र व्यापारीतर्फ लोभको अवसर बनेर आउने गरेको विडम्बना छ। देशैभर चाडबाड नजिकिँदा महँगी बढ्नु स्वाभाविक प्रक्रिया हो भन्ने बुझाइ बसालिएको छ। तर वास्तविकतामा यो स्वाभाविक भन्दा बढी कृत्रिम महँगी हो। व्यापारीहरूले उपभोक्ताको बाध्यतालाई अवसर मानेर मूल्य वृद्धि गर्ने, पुराना वा म्याद गुज्रेका सामान बेच्ने, नापतौलमा अन्याय गर्ने प्रवृत्ति सामान्य झैं देखिन्छ। ग्रामीण र दुर्गम जिल्लामा त यो अझै चर्को रहेको छ। यस्तो बेला **"बजार अनुगमन कहिले ?"** भन्ने प्रश्न अत्यन्त प्रासंगिक बनेको छ। बजार अनुगमन भनेको व्यापारीलाई आतंकित पार्ने होइन, बरु बजारलाई स्वस्थ, न्यायपूर्ण र पारदर्शी बनाउन गरिएको प्रक्रिया हो। तर हाम्रो जिल्लामा अनुगमनको उपस्थिति प्रायः देखिँदैन। चाडबाड सकिएपछि मात्रै "औपचारिक" रूपमा टुंग्याइने गरिएको छ। उपभोक्ता पिडित भइसकेपछि अनुगमन गर्ने परम्परा कुनै पनि हिसाबले न्यायपूर्ण छैन।

नापतौल यन्त्रको परीक्षण, मासु पसलको सरसफाइ, उपभोग्य वस्तुको गुणस्तर परीक्षण, खाद्यान्नको भण्डारण स्थिति, मूल्य सूचीको अनुगमन यी सबै चाडबाड अघि नियमित रूपमा हुनुपर्ने कुरा हो। तर प्रायः अनुगमन 'समाचारमा मात्र देखिने गरेको छ। उपभोक्ता अधिकार कानुनले सुनिश्चित गरेको भए पनि व्यवहारमा उपभोक्ता अझै असुरक्षित छन्। दुर्गममा अझै बढी छ। स्थानीय तहदेखि जिल्ला प्रशासन, उद्योग वाणिज्य कार्यालयदेखि प्रहरी प्रशासन सबैको साझा जिम्मेवारी हो कि ? उपभोक्तालाई सुरक्षित गराउने दायित्व। हामीले चाहेको बजार भनेको न व्यापारी पिडित होस्, न उपभोक्ता व्यापारीलाई पनि उचित नाफा लिन पाइयोस् तर उपभोक्ताले पनि आफ्नो श्रमको मूल्य बराबरको वस्तु पाउनु भन्ने हो। यसको लागि अनुगमन नियमित हुन जरुरी छ।

अन्तमाः रुकुमपूर्वका जनताले पनि काठमाडौं वा अन्य शहरका उपभोक्ताजस्तै सुरक्षित बजार पाउने हक राख्छन्। त्यसैले, सम्बन्धित निकायसँग आग्रह छ। अनुगमन ढिला होइन, समयमै, नियमित र निष्पक्ष ढंगले गर्नुपर्छ। **सम्पादकीय मण्डल भूमे साप्ताहिक टिम**



प्रकाशक

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको
कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश नेपाल

# रुकुमपूर्वमा ८४ महिलाले घरमै बच्चा जन्माए एकको मृत्यु

❖ *बालाराम शेर्पाली*



आधुनिक स्वास्थ्य सुविधा गाउँगाउँमा पुगेको भनिए पनि रुकुमपूर्वका महिला अझै पनि जोखिम मोलेर घरमै बच्चा जन्माइरहेका छन्। गत आर्थिक वर्ष २०८१/०८२ को असार मसान्तसम्म जिल्लाभर ८४ जना महिलाले स्वास्थ्य संस्था नपुगी घरमै बच्चा जन्माएको तथ्यांकले देखाएको छ। जिल्लाको पुथा उत्तरगंगा गाउँपालिकामा वडागत हिसाबले हेर्दा –२ मा मात्रै १२ महिला घरमै सुत्केरी भएका छन्। जुन जिल्लामै सबैभन्दा बढी हो। सोही गाउँपालिकाको वडा नम्बर ३ मा ९ जना, ५ नं. ३ जना, ६ नं. मा ४ जना र ७ मा ९ ना वडा नम्बर ९ मा भने १ जनाको मृत्यु भएको स्वास्थ्य कार्यालय रुकुमपूर्वका सूचना अधिकारी निम प्रसाद गिरीले जानकारी दिनुभएको छ। यस्तै वडा नं. १० मा १ जना, वडा नं.११ मा ८ जना , वडा नं. १२ मा १ जना र वडा नं. १३ मा १० जना गरी ५८ जना महिला घरमा सुत्केरी भएका हुन्। जिल्लामा सबै भन्दाकम भूमे गाउँपालिकामा १० जना भएका छन्। वडा नं. १ लुगुममा ३ जना, वडा नं. २ काक्रीमा १ जना , वडा नं. ३ मा १ जना भएका छन्। यस्तै वडा नं. ६ मा २ जना, वडा नं. ७ मा २ जना र वडा नं. ९ मा १ जना भएको गिरीले बताउनुभयो। सिस्ने गाउँपालिकामा १६ महिलाले मध्य गाउँपालिकाको सबै भन्दा दुर्गम स्थान वडा नं. १ मा ४ जना भएका छन्। भने वडा नं. ४ मा ६ जना , वडा नं.६ मा २ र वडा नं.८ मा ४ जना भएका छन्। यसरी स्थानीय तहसम्म स्वास्थ्य चौकी, अस्पताल र प्रसुती सेवा विस्तार भए पनि महिलाले अझै घरमै बच्चा जन्माउन बाध्य हुनु जिल्लाको स्वास्थ्य क्षेत्रकै चुनौती बनेको छ। घरमै सुत्केरी हुने प्रचलन अझै पनि उच्च रहेको छ। ग्रामीण भेगमा पुरानो परम्परा अझै हावी छ, जसले महिलालाई स्वास्थ्य संस्थामा जानभन्दा घरमै बच्चा जन्माउन "ठीक" ठान्ने गरेको स्वास्थ्यकर्मीहरुले बताएका छन्। भूगोल र भौतिक कठिनाइ बीच दुर्गमका गाउँ बस्तीमा स्वास्थ्य चौकी वा अस्पताल पुग्न घण्टौं हिँड्नुपर्ने बाध्यता रहेको छ। भने गाउँमा सचेतनाको कमी र गर्भावस्था परीक्षण, प्रसुती तयारी र आपतकालीन सेवा आवश्यकताबारे पर्याप्त जानकारी नहुँदा पनि महिलाहरू घरमै बच्चा जन्माउने गरेको स्वास्थ्यकर्मी बताउँछन्। घरमै बच्चा जन्माउँदा आमा र नवजात दुवैको जीवन जोखिममा पर्न सक्ने विज्ञहरूको चेतावनी छ। रुकुमपूर्वमा ८४ महिला घरमै सुत्केरी हुनु केवल संख्या मात्र होइन, स्वास्थ्य क्षेत्रमा अझै सुधार गर्नुपर्ने ठोस संकेत हो। आमा र शिशुको जीवन सुरक्षित राख्न स्थानीय तह, स्वास्थ्य संस्था र समुदायबीच संयुक्त प्रयास अपरिहार्य देखिन्छ।

# सार्वजनिक यातायातको नयाँ भाडादर तोकियो

❖ *भूमे साप्ताहिक संवाददाता*

रुकुमपूर्व जिल्लाभित्र सञ्चालन हुने सार्वजनिक यातायातको भाडादर पुनःनिर्धारण भएको छ। जिल्ला प्रशासन कार्यालयमा प्रमुख जिल्ला अधिकारी सीता परियारको अध्यक्षतामा मंगलबार बसेको बैठकले नयाँ भाडादर तोकेको हो।

बैठकमा जिल्ला समन्वय समितिका प्रमुख मेघबहादुर श्रेष्ठ, भूमे गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठ, पुथा उत्तरगंगा गाउँपालिका अध्यक्ष पुनिराज घर्तीमगर, प्रशासकीय अधिकृत ध्रुव विक, डिएसपी उमाशंकर प्रसाद यादव, चण्डिदल गण गुल्मका प्रमुख शर्मिला रेग्मी, सशस्त्र प्रहरीको प्रमुख संगित भट्ट, सिस्ने यातायात प्रालिका इन्चार्ज वविकुमार चन्द, रुकुमकोट यातायात प्रालिका अध्यक्ष लक्ष्मण घर्तीमगर र इन्चार्ज सनम गौतम, उद्योग वाणिज्य संघ रुकुमपूर्वका अध्यक्ष केवेन्द्र गौतम,अटो व्यवसायी तथा विभिन्न राजनीतिक दलका प्रतिनिधि सहभागीमा चर्को भाडाको दर निर्धारण गरिएको हो।

अक जिल्लाभित्र सञ्चालन हुने सबै सार्वजनिक सवारी साधनले तोकिएको भन्दा बढी भाडा लिन नपाउने भएका छन्। भने भाडा दर स्पष्ट देखिने गरी सवारी भित्र अनिवार्य टाँस्नुपर्ने निर्देहन दिएको बताईएको छ। त्यस्तै, यात्रु सेवामा क्यू प्रणाली लागू गर्ने र गाडीहरूले टाइम कार्डसहित सेवा दिनुपर्ने व्यवस्था गरिएको प्रजिअ परियारले जानकारी दिनुभयो। सार्वजनिक यातायात सबै नागरिकको दैनिक




जीवनसँग प्रत्यक्ष जोडिएकोले यात्रुहरूलाई सहज सेवा उपलब्ध गराउन नयाँफभाडादर लागू गरिएको परियारलाई बताउनुभयो।

## कनु रुढमा कति छ भाडादर

क्रमश रुकुमकोट खोपिचार ९० रुपैयाँ ,धपेसम्म २ सय ५०, पोखरा २ सय , दाडिङ तीन सय , देउखोला दुई सय २० रुपैयाँ , डालिबाङ र सेरावाङ दुई सय रुपैयाँ ,मोरावाङ र झुम्लाबाङ दुई सय ८० रुपैयाँ निर्धारण गरिएको छ। यस्तै धोलापहिरा ५० रुपैयाँ, दोमही, १ सय खावाङबगर १ सय ८०, काँक्री दुई सय २०, चुनवाङ ५ सय , महत २ सय ५० , धर्मशाला तीन सय , पातिहाल्ना ४ सय , क्यावाङ पाचँ सय, कोल र तकसेरा ६ सय तोकिएको हो।

यस्तै क्रमश : राङ्सी ६ सय ८० ,विर्गुम ६ सय ५० , नयाँबजार ७ सय ५० , गह ९ सय ५० , हुकाम १ हजार ,मैकोट १ हजार १ सय , लुगुम २ सय ८०, सिमखोला २ सय ५० ,नाखा ७ सय ५० जामाबगर ८ सय , धाउने एक सय , साकिम १ सय ५०, नाथिगार १ सय ५०, सिशाघारी १ सय १० र जितखोला १ सय ४० रुपैयाँ भाडा दर निर्धारण गरिएको हो।

उता यातायात व्यवसायीहरूले भने इन्धन मूल्य वृद्धि, सवारी मर्मत खर्च र सडकको अवस्था जस्ता कारणले नयाँ दरले घाटा बेहोर्नुपर्ने तर्क गरेका छन्। "यात्रुलाई सहज चाहिन्छ भन्ने हामीलाई थाहा छ, तर पेट्रोल, डिजेल महँगो छ। सडक बिग्रिएको बताएका छन्। भने नयाँ भाडादर लागू भए पश्चात् दैनिक रुकुमकोटसम्म आउजाउ गर्ने यात्रुलाई सहज हुने भएको छ।

## ने. रा .माविमा चुन्वाङ्गमा अक्षयकोष घोषणा र सार्वजनिक सुनुवाइ



❖ *भूमे साप्ताहिक संवाददाता*

भूमे गाउँपालिका –९ चुन्वाङस्थित नेपाल राष्ट्रिय माध्यमिक विद्यालयले विज्ञान दिवसको अवसर पारेर विभिन्न खेलकुद प्रतियोगिता, सार्वजनिक सुनुवाइ तथा अक्षयकोषदाता सम्मान कार्यक्रम आयोजना गरेको छ।

जिल्ला समन्वय समितिका प्रमुख मेघबहादुर श्रेष्ठले उद्घाटन गर्नुभएको कार्यक्रममा गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठ, संस्थापक उपाध्यक्ष मनकुमारी विष्ट, वडा अध्यक्ष विनोद वुढामगर, वडास्तरीय जनप्रतिनिधिहरु, राजनीतिक दलका प्रमुख, अखिल क्रान्तिकारी रुकुमपूर्वका अध्यक्ष चन्द्र रसाइली लगायतको उपस्थिति थियो। विद्यालयका अनुसार गत वर्ष ३२ लाख र चालु आर्थिक वर्षमा २१ लाख गरी करिब ५३ लाख रुपैयाँभन्दा बढी रकम अक्षयकोषका लागि संकलन भएको छ। सो अवसरमा विद्यालयका स्थापनाकालदेखि सहयोग गर्ने दाताहरुलाई सम्मान गरिएको छ।

प्रमुख अतिथि मेघबहादुर श्रेष्ठले खस्कँदो शैक्षिक गुणस्तर सुधार गर्न विद्यालय, शिक्षक र अभिभावक सबैको प्रयास जरुरी रहेको बताउनुभयो। उहाँले हालैको जेनजी आन्दोलनलाई सामाजिक सञ्जाल प्रतिबन्ध फुकुवा र भ्रष्टाचारविरुद्धको कदम भन्दै यसको उद्देश्य सरकार संरचना जलाउने नभएको स्पष्ट पार्नुभएको छ। आन्दोलनको दाउ थापेर धमिलो खोलामा माछा मार्नेहरुले देश क्षतिग्रस्त अवस्थामा पुर्याएको बताउनुभएको छ।

विशेष अतिथि तथा गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठले जेनजी आन्दोलनमा ज्यान गुमाएका युवाप्रति

श्रद्धाञ्जली अर्पण गर्दै भ्रष्टाचार, बेथिति र विकृति अब जनताले सहन नसक्ने स्पष्ट सन्देश दिएको बताउनुभयो। उहाँले भन्नुभयो– गाउँपालिकाले शिक्षामा निरन्तर लगानी गर्दै आएको छ। विद्यालयमा अक्षयकोष स्थापना गर्न ठूलो सहयोग जुटाउनु दाताप्रति धन्यवाद प्रकट गर्दछु। युवाको जोशजाँगर देश बदल्ने आधार भएको उल्लेख गर्नुभएको छ। विभिन्न राजनितक दलका प्रतिनिधिहरुले शुभकामना ब्यक्ति गर्नुभएको थियो। उक्त कार्यक्रम विभिन्न झाकी समेत प्रस्तुत गरिएको थियो।

# भूमे ७ मा राष्ट्रिय बाल दिवस बालप्रतियोगिता सम्पन्न

❖ ***भूमे साप्ताहिक संवाददाता***

६१औं राष्ट्रिय बाल दिवसको अवसर पारेर भूमे गाउँपालिका वडा नम्बर ७ ले वडा भित्रका चार आधारभूत विद्यालयबीच दुई दिने बालप्रतियोगिता सम्पन्न गरेको छ।

छेलोफाल्ने आधारभूत विद्यालय गुनाम, जनज्योति आधारभूत विद्यालय धर्मशाला, आधारभूत विद्यालय लावाङ र जनजागरण आधारभूत विद्यालय रिशालचौरका विद्यार्थीबीच जनज्योति आधारभूत विद्यालय धर्मशालामा प्रतियोगिता आयोजना गरिएको हो। कार्यक्रमको अध्यक्षता भूमे गाउँपालिका ७ का वडा अध्यक्ष संगम रोकाले गर्नुभएको थियो भने भूमे गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठ प्रमुख अतिथि र उपाध्यक्ष सबिना बुढा मगर विशेष अतिथि रहनुभएको थियो। माओवादी केन्द्र लुम्बिनी प्रदेश कमिटी सदस्य रुपधन कामी, शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख कौशल कुमार तिवारीसहित विद्यालयका प्र.अ., शिक्षक–शिक्षिका र विद्यार्थीहरूको सहभागिता रहेको थियो।

दुई दिनसम्म चलेको प्रतियोगितामा हिसाब दौड, लङ जम्प, १०० मिटर र २०० मिटर दौडजस्ता खेलहरू समावेश गरिएका थिए। हिसाब दौड (कक्षा १–५) मा कामना ओली (रिशालचौर) प्रथम हुनुभएको छ, आयुष रोका (धर्मशाला) द्वितीय हुनुभएको छ भने सनशाइन रोका (धर्मशाला) तृतीय हुनुभएको छ।



लङ जम्प छात्रतर्फ प्रदिप रोका (लावाङ) प्रथम हुनुभएको छ, अविराज बुढा (धर्मशाला) द्वितीय हुनुभएको छ भने जायज श्रेष्ठ (गुनाम) तृतीय हुनुभएको छ। छात्रातर्फ सुनिता खत्री (रिशालचौर)

प्रथम हुनुभएको छ, साहसी घर्ति (गुनाम) द्वितीय हुनुभएको छ भने सावित्रा विक (गुनाम) तृतीय हुनुभएको छ। १०० मिटर दौड छात्र ६–८ मा दिपक वुढा प्रथम हुनुभएको छ, अन्तिम वुढा द्वितीय हुनुभएको छ भने सायमन वुढा तृतीय हुनुभएको छ। छात्रातर्फ जमुना ओली (रिशालचौर) प्रथम हुनुभएको छ, भावना रोका (धर्मशाला) द्वितीय हुनुभएको छ भने तिर्सना वुढा (रिशालचौर) तृतीय हुनुभएको छ। यस्तै २०० मिटर दौड छात्र १–५ मा अविराज वुढा प्रथम हुनुभएको छ, विश्वास वुढा द्वितीय हुनुभएको छ भने रामकुमार रोका तृतीय हुनुभएको छ। छात्रातर्फ सुनिता केसी (रिशालचौर) प्रथम हुनुभएको छ।

कार्यक्रममा वक्ताहरूले बालबालिकाको शैक्षिक र सांस्कृतिक प्रतिभा विकासका लागि विद्यालयस्तरमै यस्ता प्रतियोगिताको आयोजना गर्नु सकारात्मक कदम भएको उल्लेख गर्दै बालबालिकामै लगानी गरेर उज्ज्वल भविष्य निर्माण गर्नुपर्नेमा जोड दिनुभएको छ।

# कोर्जामा २ महिनामा २७० जना बिरामीले सेवा पाए

❖ ***किस्मत शेर्पाली***

जिल्लाको भूमे गाउँपालिका –८ कोर्जामा रहेको आधारभूत स्वास्थ्य सेवा केन्द्रमा गत श्रावणदेखि हालसम्म २ सय ७० जना बिरामीले सेवा लिएका छन्। स्वास्थ्य सेवा केन्द्रका अनमी पार्वती पुनमगरका अनुसार, श्रावण महिनामा महिला ७० र पुरुष ४७ गरी १ सय १७ जनाले सेवा लिएका थिए। भने भाद्र महिनामा महिला १ सय २२ र पुरुष ३१ गरी १ सय ५३ जनाले सेवा प्राप्त गरेको पुनमगरले बताउनुभयो।

सेवा लिनेमा पुरुषभन्दा महिलाको संख्या बढी रहेको छ। बरामीमा कमजोर मनस्थिति भएका, सुत्केरी, रुघाखोकी, टाइफाइड, पेट दुख्ने, महिनावारी सम्बन्धी, घाउँखटिरा भएका जस्ता समस्या भएका बिरामीहरूको उपचार भइरहेको छ। स्वास्थ्य सेवा केन्द्रमा उपचार सम्भव नभएका बिरामीलाई जिल्ला अस्पताल रुकुमकोट, रुकुमपूर्व रेफर गरिएको बताईएको छ। कोर्जा आधारभूत स्वास्थ्य सेवा केन्द्रमा पछिल्लो स्थानीय सरकार समयमा जनजागरण मञ्चले गर्दा उपचार सेवा दिन सहज भएको अनमी पुनमगरले बताउनुभयो।

**Invitation For Bids**

**Bhume Rural Municipality**

**Office of the Rural Municipal Executive**

**Khabangbagar, Rukum (East)**

**Lumbini Province, Nepal**

**Invitation for Bids for procurement of medicine under the below mentioned contracts.**

**First Date of Publication: 2082/05/31 B.S (2025/09/16 A.D)**

1. Bhume Rural Municipality (BRMO) invites electronic bids from Nepalese eligible bidders for the below mentioned Contracts under National Competitive Bidding procedures.
2. A complete set of Bidding Documents may be downloaded by visiting PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. Sealed bids must be submitted though electronically to the office BRMO Khabangbagar, Rukum (East) on or before 12:00 Noon on 2082/06/30 B.S (2025/10/16 A.D). Bids received after this deadline will be rejected automatically.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 15:00 2082/06/30 B.S (2025/10/16 A.D) at the office of BRMO Khabangbagar, Rukum (East). Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of the below mentioned amount which shall be valid for 30 days beyond the validity period of the bid.
5. All other terms and conditions will be as per the Nepal's Government Prevailing Public Procurement Act 2063 and Regulations 2064 including all amendments.
6. Bhume Rural Municipality Office (BRMO) Khabangbagar, Rukum (East ) reserves the right to accept or reject, wholly or partly any or all the Bids without assigning any reason, whatsoever.
   Name of the Bank: Citizens Bank International Ltd. , Bhume branch
   Name of Office:Bhume Rural Municipality, Khabagbagar,Rukum(East)

| | For Bid Document | For Bid Security |
|---|---|---|
| A/c name | GA 1.1 Bhume Ga. Pa Aantarik Rajaswa Khata | GA 3 Bhume Ga.pa. Dharauti Khata |
| A/c No. | 0780100000001202 | 0780100000030201 |

7. The Name and identification no of the contracts are as follows.

| S. N. | Description of Works | Contract ID | Estimated Amount (without VAT in NRs.) | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs.) |
|---|---|---|---|---|---|
| 1. | Procure and Supply of Health Medicines For Bhume Rural Municipality | EGP/BRMO/NCB/G- 01/HMP/2082-083 | 4830164.60\|-(Forty eight Lakhs Thirty Thousand one hundred sixty four Rupees and Sixty Paisa only) | 3,000\|- (Three thousands only) | 1,21,000\|-( One lakh and Twenty Thousand rupees only) |

**Chief Administrative Officer**

# ग्रामीण क्षेत्रमा पत्रकारिताको अवस्था



❖ *निराजन वि.क.(सिर्पाली)*
**सचिव - नेपाल पत्रकार महासंघ रुकुमपूर्व**

रुकुमपूर्व अहिले नेपालकै नयाँ जिल्ला मध्ये एक हो।वि. सं. २०७२ असोज ३ गते, राज्यले प्रशासनिक विभाजनको पुनर्निर्माण गरेपछि तात्कालिन रुकुम जिल्लालाई रुकुमपूर्व र रुकुम पश्चिममा विभाजन गरेको थियो। नयाँ जिल्ला भएर पनि यहाँ पत्रकारिता र सञ्चार माध्यमको अवस्था अझै पनि पूर्वाधार, स्रोत र आर्थिक दृष्टिले कमजोर छ।यहाँको भौगोलिक बनावट दुर्गम, पहाडी र हिमाली ग्रामीण भएको कारण यातायात र सञ्चार सुविधा सीमित छ, जसले पत्रकारिताको अभ्यासलाई अझ कठिन बनाएको छ।रुकुमपूर्वमा हाल दुईवटा रेडियो स्टेशनको स्थापना भए पनि हाल रेडियो पूर्वी रुकुम र केही अनलाइन समाचार पोर्टलहरू मात्रै सक्रिय छन्।

यी रेडियो र अनलाइन मिडियाहरू पनि बजार सानो हुनु, जिल्लाको जनसंख्या कम हुनु र विज्ञापन बजार अत्यन्त सीमित हुनुका कारण आर्थिक मन्दीको चपेटामा छन्।कहिलेकाहीँ त सञ्चालन खर्च जुटाउन कठिन हुने अवस्था पनि देखिन्छ।

विज्ञापन प्रणालीबाट पर्याप्त आय नआएकाले मिडियाहरूको दीर्घकालीन स्थायित्वमा प्रश्न उठेको छ।हामीले यहाँ पत्रकारिता गर्नुअघि काठमाडौं वा प्रदेश राजधानीमा जस्तो सुविधा पाइँदैन।

ग्रामीण भेग भएकाले इंटरनेट र मोबाइल नेटवर्क कहिलेकाहीँ अवरुद्ध हुन्छ।समाचार संकलनका लागि दुर्गम गाउँहरूमा पुग्दा घण्टौं हिँड्नुपर्ने अवस्था छ।यातायातको असुविधाले समयमै समाचार पठाउन अथवा संकलन गर्न गाह्रो हुन्छ।यसैगरी तथ्यांक, सार्वजनिक विवरण र सरकारी निकायबाट सूचना प्राप्त गर्न अझै सहज छैन।यी सबै कारणहरूले रुकुम पूर्वमा पत्रकारिता गर्न रुचि गर्नेले ठूलो व्यक्तिगत लगानी र समय खर्च गर्नुपर्छ।

रुकुम पूर्वमा नेपाल पत्रकार महासंघको नाममा जग्गा नहुदा स्थायी भवन अझै निर्माण हुन सकेको छैन बेला बेला प्रदेश सरकारले बजेट छुट्याउने गरे पनि महासंघको नाममा जग्गा नहुदा बजेट त्यत्तिकै फिर्ता हुने गरेको छ।यो पनि यहाँको पत्रकारिताको आधारभूत पूर्वाधारको अभावको स्पष्ट उदाहरण हो।

स्थायी भवन नभएकाले तालिम, गोष्ठी, बैठक र अन्य पेशागत गतिविधिहरू सञ्चालन गर्न कठिनाइ छ।हामी महासंघका तर्फबाट भवन निर्माणका लागि निरन्तर पहल गरिरहेका छौं, तर

अझै सफलता हात पारेको छैन।यहाँका पत्रकारहरू निराश छैनन्।

उनीहरू जनसरोकारका विषयहरू जस्तै शिक्षा, स्वास्थ्य, सडक, पूर्वाधार, वातावरण, दलित अधिकार, महिला सशक्तीकरण र सामाजिक न्यायका मुद्दाहरू निरन्तर उठाइ रहेका छन् ।

ग्रामीण क्षेत्रको आवाजलाई राष्ट्रिय स्तरमा पुऱ्याउने काममा स्थानीय पत्रकारहरूले अग्रणी भूमिका खेलिरहेका छन्।

नयाँ जिल्ला भएको कारण सरकारी कार्यालयहरू, तथा विभिन्न निकायहरू र बजेट व्यवस्थापनको प्रक्रिया अझै स्थिर र प्रभावकारी बनेको छैन।यो पनि पत्रकारिता र मिडिया सञ्चालनका लागि चुनौती हो।किनभने सरकारी विज्ञापन वितरण प्रणाली स्पष्ट र पर्याप्त छैन, जसले स्थानीय मिडियालाई दिगो रूपमा चल्न गाह्रो परिरहेको छ।बजार सानो हुँदा निजी क्षेत्रबाट पनि विज्ञापन कम मात्रामा आउँछ।त्यसमा ठुला टेण्डरका सूचना स्थानीय पत्रकारले पाउने कुरा अनिश्चित छ।राष्ट्रिय मिडियाहरुको दबाब त्यसमा अझै कर्मचारीहरुको डाइट ठुला मिडिया सँगको हिमचिमले समस्या थपेको छ।डिजिटल मिडिया र सामाजिक सञ्जालको प्रयोगले केही हदसम्म सूचना प्रवाहलाई सजिलो बनाएको छ।स्मार्टफोन र इन्टरनेटको प्रयोग बढेकाले समाचार पठाउने, तस्बिर र भिडियो लिने, सामाजिक मिडियामा तत्काल प्रसारण गर्ने सम्भावना बढेको छ।तर डिजिटल मिडियामा पनि टिकाउपनाको समस्या छ।विज्ञापन नगरेको वा न्यून राजस्व भएको कारण अनलाइन पोर्टलहरू पनि धेरैजसो व्यक्तिगत लगानी र उत्साहमा मात्र टिकेका छन्।

रुकुमपूर्वको भौगोलिक बनावट पत्रकारिताको दृष्टिले एउटा महत्वपूर्ण विषय हो।यहाँ पहाडी तथा हिमाली गाउँहरू छन्, जहाँ मानिसहरू अझै पनि आधारभूत सेवा पाउन सकिरहेका छैनन् ।प्राकृतिक प्रकोप, अव्यवस्थित सडक, लामो दूरी र मौसमीय असरका कारण पनि पत्रकारहरूले काम गर्दा थप जोखिम व्यहोर्नु परेको छ।यस्ता कठिनाइका बाबजुद पनि यहाँका पत्रकारहरूले समाचार संकलनमा निरन्तरता दिइरहेका छन् ।

मिडिया टिकाउने चुनौती नै यहाँको सबैभन्दा ठूलो समस्या हो।अहिले सञ्चालनमा रहेको रेडियो पूर्वी रुकुम र केही अनलाइन मिडिया नै आर्थिक मन्दीको कारण धराशायी हुने अवस्थामा छन् भने कतिपय अनलाइन र एउटा रेडियो त निष्क्रिय नै छन्।बजार सानो हुँदा यहाँका व्यवसायिक प्रतिष्ठानहरूले विज्ञापन दिन सक्दैनन् वा दिन चाहँदैनन्।

सरकारी विज्ञापन बजेट वितरणमा पनि पारदर्शिता र समानता छैन। यसले गर्दा मिडियाहरू स्थायित्व गुमाउने अवस्थामा पुगेका छन् ।

नेपाल पत्रकार महासंघ रुकुम पूर्वले पत्रकारहरूको क्षमता विकासका लागि तालिम, कार्यशाला, गोष्ठी र अनलाइन मार्फत सीप अभिवृद्धि गर्ने कामलाई प्राथमिकतामा राखेको छ । तर यस्ता कार्यक्रमका लागि पनि स्रोत र पूर्वाधारको कमी छ। हामीलाई राज्य, स्थानीय तह, निजी क्षेत्र र सरोकारवाला निकायको सहकार्य निकै आवश्यक छ । समग्रमा हेर्दा, रुकुम पूर्व सहितका ग्रामीण क्षेत्रमा पत्रकारिता कठिनाइ र अवसर दुवैको मिश्रणमा छ । एकातिर स्रोत

र पूर्वाधारको अभाव, सानो बजार, विज्ञापनको कमी, राजनीतिक – सामाजिक दबाब, सुरक्षाको अनिश्चितता जस्ता चुनौती छन् भने अर्कोतिर डिजिटल प्रविधिको विकास, युवाहरूको सहभागिता र जनसरोकारको बढ्दो चासो जस्ता सकारात्मक पक्ष पनि छन्।

म नेपाल पत्रकार महासंघ रुकुम पूर्वको सचिवको हैसियतले भन्नुपर्दा रुकुम पूर्वमा पत्रकारिता र मिडियाको दिगोपन सुनिश्चित गर्न स्थानीय निकाय, प्रदेश सरकार, संघीय सरकार र निजी क्षेत्र सबैको सामूहिक पहल आवश्यक छ।

विज्ञापन वितरणको पारदर्शिता, पत्रकारहरूको पारिश्रमिकमा सुधार, तालिम र सीप विकास कार्यक्रम, र नेपाल पत्रकार महासंघको स्थायी भवन निर्माणजस्ता कामहरू तत्काल अगाडि बढाउन सके मात्र यहाँको पत्रकारिता गुणस्तरीय, प्रभावकारी र दिगो बन्न सक्छ।नयाँ जिल्ला भएर पनि रुकुम पूर्वमा पत्रकारिताले धेरै विषयहरु स्थानीय

**स्तर देखि राष्ट्रिय स्तरसम्मका मुद्दाहरुको उजागर गरेको छ।यो स्वयंमा सकारात्मक कुरा हो ।तर यो सकारात्मकतालाई दीर्घकालीन बनाउनका लागि पूर्वाधार, आर्थिक स्रोत र संस्थागत क्षमता मजबुत पार्नैपर्छ।हामी आशावादी छौँ कि निकट भविष्यमा यी चुनौतीहरूलाई पार गर्दै रुकुम पूर्वको पत्रकारिता राष्ट्रिय स्तरमै उदाहरणीय बन्न सक्छ।**

# प्रविधिले शिक्षामा ल्याएको प्रभाव तपाईं कसरी अनुभव गर्नुभएको छ ?

**प्रेम सुनार, शिक्षक, जनशक्ति मावि भूमे–४, काडा**



विश्व आज द्रुत सञ्चार र कृत्रिम बुद्धिमत्ता (AI) को पूर्वसन्ध्यामा प्रवेश गरिसकेको छ।मानव जीवन प्रविधीसँग निकट हुँदै गइसकेको छ र प्रविधि नै हाम्रो दैनिक जीवनको अभिन्न आवश्यकता बनेको छ।यस्तो अवस्थामा शिक्षा क्षेत्र प्रविधिबाट अछुतो रहनै सक्दैन।गुणस्तरीय शिक्षा प्रदान गर्ने मुख्य आधार नै प्रविधि भइसकेको छ।समयानुकूल यसको प्रयोग गर्न नसक्दा अपेक्षित उपलब्धि हासिल गर्न नसकी समाज पछि परिरहेको छ।सामाजिक सञ्जाल वा प्रविधि आफैंमा गलत होइनन्, तर प्रयोगकर्ताको गलत प्रयोगले गलत धारणा फैलिरहेको छ।कतिपय विद्यालयहरुले मोबाईल ,कम्प्युटर वा अन्य प्रविधि प्रयोगमा प्रतिबन्ध लगाउने अभ्याससमेत गरिरहेका छन्, जुन पूर्ण रूपमा अनुचित हो।आजको AI युगमा परम्परागत शिक्षण–पाठन केवल उपदेशमा सीमित हुन्छ।यथार्थ त यो हो कि आज चेलाले पनि प्रविधिको सहायताले गुरुभन्दा अगाडि बढ्न सक्छ।किताब पढ्न मात्र सीमित नभई ज्ञान हासिल गर्ने प्रमुख आधार नै प्रविधि बनेको छ।तर अझै पनि कतिपय विद्यालयहरूमा प्रविधि प्रयोग गर्नेमाथि कारबाही हुने जस्ता कार्य भइरहेका छन्।नयाँ युग र पुराना संचालकबीचको यही अन्तर(ग्याप) ले शिक्षा क्षेत्रलाई पछि पारेको हो ।

# युवा विदेश जान चाहनुको प्रमुख कारण के हो ?

❖ *विशाल गिरी रुकुमपूर्व*



नेपाली युवामाझ विदेशप्रतिको तीव्र आकर्षणको मूल कारण स्वदेशमै अवसरको कमी हो भन्ने धारणा व्यापक छ।

कारणहरू अनेकौं भए पनि मूलतः तीन पक्ष बाध्यता, रहर र सपनाले युवालाई वैदेशिक यात्रा रोज्न प्रेरित गर्छन्। राम्रो शिक्षा हासिल गरे पनि योग्यता अनुसारको रोजगारी नपाउनु, भविष्य अनिश्चित देखिनु र जीवनस्तरप्रति असन्तोष बढ्नुले युवामाझ निराशा थपिएको छ। गुणस्तरीय जीवनशैली, उच्च शिक्षा र आकर्षक तलबको खोजीमा धेरैजना विदेश जाने सोचमा छन्। सामाजिक दबाब, 'लाहुरे संस्कृतिको प्रभाव' र विदेशबाट फर्किएका युवाको सफलताका कथाहरूले पनि थप आकर्षण सिर्जना गरेका छन्। नेपालभित्रै आफ्ना सपना र क्षमता पूरा गर्ने वातावरण नपाउँदा कतिपय युवाहरू बाध्यतावश त कतिपय स्वेच्छाले विदेश जाने निर्णय गर्छन्। अहिले प्राविधिक पहुँच र सुविधा बढेसँगै विदेश यात्रा अझ सहज बनेको छ। त्यससँगै राजनीतिक अस्थिरता, सुशासनको अभाव र आर्थिक विकासमा ढिलासुस्तीले गर्दा नेपालमै बसेर केही गर्न सकिंदैन भन्ने निराशावादी भावना बढेको छ। यही कारणले युवाहरूको आशा र सपना पूरा गर्ने गन्तव्यका रूपमा विदेश नै पहिलो रोजाइ बनेको देखिन्छ।

# तपाईंको दृष्टिमा युवाको मुख्य समस्या के हो ?

❖ *भिमकाजी पुनमगर भूमे - १ लुगुम*



आजको पुस्ता सम्भावना, जाँगर र सिर्जनात्मकताले भरिपूर्ण छ। तर यही ऊर्जालाई सहीबाटोमा प्रयोग गर्न नसक्दा युवा वर्ग अनेक समस्यामा अल्झिएको छ।

अनुभव र स्थिर दृष्टिकोणको कमीका कारण उनीहरूमा अन्तर्द्वन्द्व र द्विविधा बढ्दै गएको छ। युवाको पहिलो समस्या आत्म–परिचय र लक्ष्यको अस्पष्टता हो। धेरैजसो युवाले आफूले के गर्न सक्छु र के गर्न चाहन्छु भन्ने कुरा स्पष्ट निर्धारण गर्न सकेका छैनन्। हाम्रो शिक्षा प्रणाली अझै पनि

वर्ष ७ अङ्क ०९ २०८२ असोज ०५ आईतबार

व्यावहारिक भन्दा बढी सैद्धान्तिक भएकाले सीपलाई रोजगारीमा सीधै प्रयोग गर्न सक्ने अवस्था छैन। यस्ले बेरोजगारी बढाएको छ। जसको कारण धेरै युवा विदेश जान बाध्य भएका छन्। विदेशिने प्रक्रिया केवल आर्थिक मात्र नभई सामाजिक र भावनात्मक घाटा पनि हो। जहाँ परिवार टुट्छ, समाजमा सक्रिय युवाको कमी हुन्छ र राष्ट्रको विकासको गति ढिलो हुन्छ। दोस्रो, दिशाहीनता र निराशाले युवालाई नशा, आक्रोश वा नकारात्मक गतिविधितर्फ धकेल्ने खतरा बढेको छ। अवसरको कमी र सामाजिक असमानताले उनीहरूमा अन्यायको पिडा थप बढाउँछ। सामाजिक सञ्जाल र चमक–दमकको प्रभावले युवालाई वास्तविकता भन्दा पनि कल्पनामा रमाउन बाध्य बनाएको छ, जसले व्यवहारिक जीवनलाई बिर्साउने अवस्था सिर्जना गरेको छ। तर समस्या मात्र छैन, समाधान पनि त्यत्तिकै सम्भव छ। युवा आफैंले अनुशासन, धैर्यता र आवश्यक सीप हासिल गरी संघर्ष गर्न सके, कुनै पनि चुनौतीलाई अवसरमा रूपान्तरण गर्न सक्छन्। त्यस्तै, राज्यले युवालाई रोजगारी, उद्यमशीलता र नवीनतम सीप विकासका लागि प्रभावकारी नीति ल्याउनुपर्छ। परिवार र समाजले पनि मार्गदर्शन, हौसला र सकारात्मक समर्थन दिनुपर्छ।

अन्ततः, युवा के हुन् र के होइनन् भन्ने प्रश्नको उत्तर हालैको सेप्टेम्बर ८ मा देखिएको जेन–जी आन्दोलनले नै दिएको छ। त्यसैले, मेरो निष्कर्ष स्पष्ट छ। युवाको मुख्य समस्या अवसर र दिशाको अभाव हो। तर यदि यही ऊर्जालाई सही बाटोमा प्रयोग गर्न सकियो भने, युवा मात्र होइन, समग्र राष्ट्र नै नयाँ उचाइमा पुग्न सक्छ।

# तपाईको सपना के हो ? संघर्ष ठुलो कि महेनत !

❖ *अनुपा वि.क. भूमे गाउँपालिका–९, चुन्वाङ्ग डाँडागाउँ*

**सपना भनेको मनमा उम्रिएको कल्पनाको सागर हो। रातमा देखिने सपना दृश्यात्मक मात्र हुन्छ, तर जीवनका वास्तविक सपना भने आत्माबाट जन्मिन्छन् र भविष्यलाई निर्देशित गर्छन्।**



म एउटा सामान्य दलित परिवारमा जन्मिएकी छोरी हुँ। सानैदेखि पढ्न–लेख्न रुचाउने भएकी कारण शिक्षा र सीपकै भरमा आफ्नो जीवनलाई अर्थपूर्ण बनाउनुपर्ने अठोट बनाइन्। मेरो सपना केवल व्यक्तिगत उचाइमा सीमित छैन, बरु परिवार, गाउँ–समाज र भावी पुस्तालाई उज्यालोतर्फ डोऱ्याएर लैजानु हो।

२०७० सालमा SLC पास गरेर २०७२ मा कक्षा सकाएँ। त्यसपछि C.M.A. अध्ययन गरी २०७४ सालमा लोकसेवा पास गर्ने ठूलो आकांक्षा बोकेकी थिएँ। तर, आर्थिक अभावका कारण त्यो सपना तत्काल पूरा गर्न सकिनँ। अस्थायी जागिरबाट सुरु भएको मेरो संघर्षले जीवनलाई थप दृढ

बनायो। २०७५ सालमा भूमे गाउँपालिकाबाट करार शिक्षक पदमा नियुक्त भएँ। त्यही वर्ष श्री मदन स्मृती विद्यालय, डाँडागाउँमा अध्यापन गर्ने अवसर पाइयो। त्यसपछि स्वास्थ्य क्षेत्रमा प्रवेश गर्दै अ.हे.व. र फार्मेसिष्टका रूपमा विभिन्न संस्थामा सेवा गर्ने मौका पाइरहें। हाल भूमे गाउँपालिका अन्तर्गत सामुदायिक स्वास्थ्य इकाईमा कार्यरत छु।

यी सब अनुभवहरूले मलाई हार मान्न सिकाएनन्, बरु अझै अडिग र आत्मविश्वासी बनाए। सपना सानो–ठूलो जे भए पनि त्यसलाई जिउन सक्नु नै जीवनको असली सफलता हो। भन्ने मैले बुझेकी छु। आज म अझै पनि आफ्ना अधुरो सपना पूरा गर्ने यात्रामा छु। परिवार, समाज र देशका लागि शिक्षा, स्वास्थ्य र सेवामार्फत केही योगदान दिने दृढ संकल्प बोकेकी छु। सपनाको बाटो काँडाघारी भए पनि मुस्कुराउँदै अघि बढ्नु नै मेरो जीवनको सार हो।

# बालबालिकामा अटिजम बढ्दो समस्या

❖ ***सरोज ढुङ्गेल***

नेपालमा बालबालिकामा अटिजमको समस्या बढ्दो रूपमा देखा परेको छ। नेपालको जनगणना २०७८ अनुसार नेपालमा कुल चार हजार ८८६ जनालाई अटिजम भएको तथ्याङ्क सार्वजनिक भएको छ तर विश्व स्वास्थ्य सङ्गठन यो सङ्ख्या धेरै कम भएको बताउँछ।



सङ्गठनका अनुसार नेपालमा तीन लाख जनसङ्ख्यामा अटिजम भएको अनुमान छ। अटिजम केयर नेपाल सोसाइटीकी अध्यक्ष डा. सुनिता मलेकु अमात्यले जनगणनामा कम सङ्ख्यामा अटिजम भएका बालबालिकाको तथ्याङ्क देखिए पनि यो सङ्ख्या अनुमानित तीन लाख पुग्ने जानकारी दिनुभयो। डा. अमात्यका अनुसार अटिजम एक प्रकारको 'न्युरो डेभलपमेन्ट डिसअर्डर' हो। अटिजम भएका बालबालिकाले सामान्य बालबालिका सरह गतिविधि देखाउन सक्दैनन्। अटिजम भएका बालबालिकामा उमेर अनुसार हुनुपर्ने व्यावहारिक विकास, सामाजिक विकास, एकअर्कामा सञ्चार गर्ने क्षमताको विकास हुँदैन।

अटिजमको लक्षणमा बच्चाले सञ्चार गर्न नसक्ने, बच्चाले आँखामा आँखा नजुधाउने, एक्लै बस्न रुचाउने, बोलेर आफ्ना कुरा व्यक्त गर्न नसक्ने, शब्द वा वाक्य दोहो¥याउने र फरक ढङ्गबाट स्नायुजन्य प्रतिक्रिया देखाउने, खेलौना नखेलाई बस्ने, साना

बच्चासँग नखेल्ने, एकोहोरो हुने जस्ता लक्षण देखिन्छन्।

बच्चालाई अटिजम भए पनि ढिला पत्ता लाग्ने हुनाले समस्या उत्पन्न हुने गर्छ। अटिजम भएका बालबालिकाको असामान्य व्यवहारले गर्दा उनीहरूको हेरचाह र रेखदेखका लागि एक जना अभिभावक अनिवार्य आवश्यक हुन्छ।

सामान्यता दुईदेखि अढाई वर्षको अन्तरमा अटिजम पत्ता लगाउन सकिन्छ। बालबालिकालाई जन्मजात नै अपाङ्गता हुने अटिजम समस्याबाट एक प्रतिशत नेपाली पीडित छन्। नेपालमा अटिजमको समस्या भएका बालबालिकाको आधिकारिक तथ्याङ्क नभए पनि विश्व स्वास्थ्य सङ्गठनका अनुसार विश्वको कुल जनसङ्ख्याको एक प्रतिशतमा अटिजमसम्बन्धी समस्या रहेको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव डा. विकास देवकोटाले स्वास्थ्य मन्त्रालयले अटिजम भएका बालबालिकाको उपचारमा प्राथमिकता दिइएको जानकारी गराउनुभयो। मन्त्रालयले अटिजम भएका बाल बालिकाको उपचार, उनीहरूको शिक्षादीक्षा तथा रोगको पहिचानका लागि समिति बनाएर काम गरेको जानकारी दिँदै उहाँले उक्त समितिले दिएको प्रतिवेदनलाई कार्यान्वयन गरिने बताउनुभयो। हाल अटिजम भएका बाल बालिकालाई स्वास्थ्य, शिक्षा देखि उनीहरूको हेरचाह उनीहरूकै अभिभावकले गर्नुपर्ने अवस्था छ। अमेरिकाको रोग नियन्त्रण तथा रोकथाम केन्द्रको सन् २०२३ को अध्ययन अनुसार ३१ जनामध्ये एक जनालाई अटिजम भएको पाइन्छ। अटिजमलाई पूर्ण रूपमा निको गर्न नसकिने भएकाले यसलाई रोगका रूपमा नभई अपाङ्गताका रूपमा मान्यता दिइएको छ। अटिजम हुनुका कारण वंशाणुगतलाई आधार मानिन्छ तर हालसम्म पनि अटिजमको मुख्य कारण पत्ता लाग्न सकेको छैन।

डा. अमात्यले अटिजम भएका बालबालिकाका लागि सबैभन्दा प्रभावकारी उपचार भनेको उनीहरूमा रहेको कमजोरी पक्षलाई सञ्चार र सामाजिक बुझाइलाई ध्यानमा राखी व्यावहारिक सिद्धान्तका आधारमा शिक्षा प्रदान गर्नु रहेको बताउनुभयो। उनीहरू शिक्षा, स्वास्थ्यबाट पनि विमुख रहेका छन्। उहाँले अटिजमका लागि औषधी उपचार नभए पनि उनीहरूमा हुने विशेष लक्षणलाई उपचार गर्न विभिन्न थेरापी गर्ने गरिएको बताउनुभयो।

अटिजम भएका बालबालिकालाई व्यावहारिक तथा सञ्चार थेरापी र अकुपेसन थेरापीका माध्यमबाट मात्र उपचार गर्न सकिने भन्दै डा. अमात्यले उनीहरूलाई खेलको माध्यमबाट धेरै कुरा सिकाउने गरिएको बताउनुभयो।

उहाँका अनुसार अटिजम भएका बालबालिकालाई तालिम दिएर उनीहरूको क्षमता अनुसारको काम दियो भने दिएको काम गर्न सक्छन्। अटिजमको समस्या छोरीभन्दा छोरा मानिसलाई धेरै हुने पनि उहाँ बताउनुहुन्छ। छोरी मानिसमा ४:१ को अनुपातमा मात्र अटिजम हुने गरेको छ। नेपालमा अझै धेरै अभिभावक र शिक्षक अटिजमबारे सचेत छैनन्। ग्रामीण क्षेत्रमा त यो विषय अझै अपरिचित जस्तै छ। विशेष गरी विद्यालय तहमा अटिजम भएका बालबालिकाको पहिचान र उचित शिक्षाको अभाव रहेको विज्ञहरूको भनाइ छ।

# राष्ट्रिय महत्वका अभिलेख

**अभिलेख भनेको के हो ? सरकारका महत्वपूर्ण अभिलेखको संरक्षण गर्न राष्ट्रिय अभिलेखालयले सम्पादन गर्ने कार्यहरू उल्लेख गर्नुहोस्। साथै राष्ट्रिय महत्वका अभिलेखहरूको सूचीसमेत पेस गर्नुहोस्।**

भविष्यमा उपयोग गर्ने वा प्रमाणको रूपमा पेस गर्ने गरी संरक्षण गरिएका कागजपत्र, नक्सा, चित्र, ध्वनि, सङ्केत, श्रव्य वा दृश्य सामग्री वा अन्य यस्तै प्रकारका सूचनामूलक सामाग्रीहरू नै अभिलेख हुन्। मुलुकको इतिहास, भूगोल, जनसङ्ख्या, संस्कृति, अनुसन्धानलगायतका विविध क्षेत्रसँग सम्बन्धित अभिलेख राष्ट्रिय हितका लागि संरक्षण गरी राख्नुपर्ने हुन्छ। त्यसबाहेक कार्यालय तहमा सिर्जना हुने अभिलेख भविष्यमा कार्यसम्पादनको महात्वपूर्ण आधार हुन सक्ने भएकोले संरक्षण गरी राख्ने गरिन्छ। कहिल्यै धुल्याउन नमिल्ने प्रकृतिका अभिलेख दीर्घकालसम्म सुरक्षित गरी राख्नुपर्ने हुन्छ। यस्ता महात्वपूर्ण अभिलेखलाई नवीन प्रविधिको प्रयोगमार्फत सजिलै नष्ट हुन नसक्ने र दीर्घकालसम्म प्रयोग गर्न मिल्ने गरी व्यवस्थित गरी राख्ने गरिन्छ। सरकारी अभिलेखको संरक्षण गर्न राष्ट्रिय अभिलेखालयले सम्पादन गर्ने कार्य : विभिन्न निकायबाट प्राप्त कागजात दर्ता गर्ने अभिलेख व्यवस्थित एवं सुरक्षित तरिकाले राख्ने, अभिलेख वर्गीकरण गरी सूची तयार पार्ने, आवश्यकता अनुसार अभिलेख छपाउने वा प्रतिलिपि निकाल्ने, कुनै व्यक्तिलाई अभिलेख हेर्न वा सार्न दिने वा प्रतिलिपि दिने सम्बन्धमा आवश्यक व्यवस्था गर्ने, राष्ट्रिय महत्वका अभिलेखको सर्वेक्षण, खोज, सङ्कलन, संरक्षण र संवर्धन गर्ने, ऐतिहासिक तथा राष्ट्रिय महत्वका कागजात उपहार, खरिद, लिज वा अन्य माध्यमबाट सङ्कलन वा प्राप्त गर्ने, कार्यालयमा रहेका कागजातको संरक्षण तथा व्यवस्थापनसम्बन्धी कार्यको सुपरीवेक्षण गर्ने, विभिन्न निकायले राख्ने अभिलेख तथा कागजातको संरक्षण र व्यवस्थापन सम्बन्धमा सहयोग वा परामर्श प्रदान गर्ने, अभिलेखको माइक्रोफिल्म बनाउने र डिजिटाइज्ड गर्ने,विपत्बाट हानी नोक्सानी हुन नपाउने गरी अभिलेख सुरक्षित गर्ने, अभिलेख प्रकाशन गर्न माग गरेमा सर्त तोकी प्रकाशन गर्न स्वीकृति दिने अभिलेख सङ्कलन तथा सर्वेक्षण गर्ने सम्बन्धमा जनचेतना अभिवृद्धि गर्ने, अभिलेख व्यवस्थापनको वार्षिक प्रतिवेदन मन्त्रालयमा पेस गर्ने,

**राष्ट्रिय महत्वका अभिलेखको सूची** : अभिलेख संरक्षण ऐनमा व्यवस्था गरिएबमोजिम राष्ट्रिय महत्वका अभिलेखको सूची यस प्रकार रहेको छ। लालमोहर लागेको कागजात, तत्काल कायम रहेको राष्ट्रप्रमुखको हैसियतमा काम गर्ने पदाधिकारीबाट हस्ताक्षर भएको कागजात, नेपालको राजनीतिक परिवर्तनसम्बन्धी भए, गरेका निर्णय, सम्झौता आदिका

सक्कल प्रति,नेपालको संविधान र संविधान निर्माणसम्बन्धी दस्ताबेजका सक्कल प्रति, सङ्घीय संसद्ले पारित गरी प्रमाणीकरण भएका विधेयकका सक्कल प्रति, नेपाल सरकार, मन्त्रीपरिषद्को निर्णयको मूल प्रति, विदेशी राष्ट्र, अन्तर्राष्ट्रिय सङ्घ, संस्था वा अन्य विदेशी सङ्घ, संस्थासँगको भएको सन्धि, सम्झौता र तत्सम्बन्धी लेखापढी भएका महत्वपूर्ण कागजात, नेपालको समय–समयको नक्सा, देशको सिमानासम्बन्धी लेखापढी भएको नक्सा, नेपाल र विदेशी राष्ट्रका प्रतिनिधिको संयुक्त विज्ञप्ति,सम्बन्धित मन्त्रालयमा रहने मन्त्रीपरिषद्को निर्णयको मूल प्रति, देशको शान्ति सुरक्षासम्बन्धी महत्वपूर्ण कागजात, अमुद्रित ऐन, सवाल, सनद, खड्ग निसाना, चल वा अचल सम्पत्तिका हकदैया दर्शाउने कागजात, सङ्घीय संसद्का सदस्यको वैयक्तिक विवरण, नापी नक्साको कागजात, कर्मचारीको सिटरोल, नेपाल सरकार वादी वा प्रतिवादी भएको वा नेपाल सरकारलाई सरोकार भएको मुद्दामा अधिकारप्राप्त अड्डा वा अदालतबाट भएको अन्तिम फैसला वा आदेश, नागरिकता वा नागरिकहरूको मुद्दासम्बन्धी विषयमा विदेशी राष्ट्रसँग भएको लेखापढीका कागजात, विभिन्न आयोगका प्रतिवेदन, देशको ऐतिहासिक, सामाजिक, धार्मिक र सांस्कृतिक महत्वका हस्तलिखित ग्रन्थ तथा अभिलेख, नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोकेका कागजातहरू, कार्यालय प्रमुखले उचित ठानेका विषयहरू। अन्त्यमा राष्ट्रिय महत्वका अभिलेखहरू नेपाल र नेपाली जनताका साझा सम्पत्ति हुन्। यिनीहरू राष्ट्रिय हितसँग समेत जोडिएका हुन्छन्। यस्ता अभिलेखहरूमा क्षति पुगेमा वा अभिलेखहरू नष्ट भएमा मुलुकलाई अपूरणीय क्षति पुग्न सक्छ। यी अभिलेखको सुरक्षामा सरकार र नागरिक दुवैले ध्यान दिनुपर्छ। राष्ट्रिय महत्वका अभिलेखहरूको सर्वेक्षण, सङ्कलन तथा सुरक्षाको उचित प्रबन्ध गर्न राष्ट्रिय अभिलेखालयको क्षमता विकास गर्नुका साथै यस्ता अभिलेखको महत्वको बारेमा आमनागरिकलाई सुसूचित गर्न जनचेतनामूलक कार्यक्रमसमेत सञ्चालन गर्नुपर्ने देखिन्छ।

**न्यायिक समितिबाट निरूपण हुने कुनै १० वटा विवादका विषयहरू उल्लेख गर्दै न्यायिक समितिले यी र यस्ता विषयमा न्यायिक क्षेत्राधिकारको प्रयोग गर्दा दिन सक्ने अन्तरिम संरक्षणात्मक आदेशका सम्बन्धमा चर्चा गर्नुहोस्।**

नेपालको संविधानले प्रत्येक स्थानीय तहमा एक न्यायिक समिति रहने व्यवस्था गरेको छ। गाउँपालिकाको उपाध्यक्ष वा नगरपालिकाको उपप्रमुखको संयोजकत्वमा तत् तत् तहको सभाले निर्वाचित गरेका दुई जना सदस्य रहने गरी तीन सदस्यीय न्यायिक समिति रहने कुरा संविधानमा उल्लेख गरिएको छ। स्थानीय सरकार सञ्चालन ऐन र स्थानीय कानुनबमोजिम न्यायिक समितिको क्षेत्राधिकार र न्यायसम्पादन प्रक्रिया व्यवस्थित गरिएको छ। न्यायिक समितिले आफ्नो क्षेत्राधिकार अन्तर्गतका विवादहरू निरूपण गर्दा नाबालक, अशक्त र असहायहरूको हक हितको संरक्षण गर्नका लागि आवश्यकता अनुसार अन्तरिम संरक्षणात्मक आदेश दिन सक्छ। स्थानीय सरकार सञ्चालन ऐनको दफा ४७ मा उल्लेख भएबमोजिम न्यायिक समितिबाट निरूपण हुने विवादमध्ये कुनै दश विवादका विषय यस प्रकार छन्। आलीधुर, बाँध पैनी, कुलो वा

पानीघाटको बाँडफाँट तथा उपयोग, अर्काको बाली नोक्सान गरेको, ज्याला मजुरी नदिएको, घरपालुवा पशुपन्छी हराएको वा पाएको, ज्येष्ठ नागरिकको पालन पोषण तथा हेरचाह नगरेको, नाबालक छोराछोरी वा पतिपत्नीलाई इज्जत आमद अनुसार खान लाउन तथा शिक्षा दीक्षा नदिएको, अन्य व्यक्तिको घर, जग्गा वा सम्पत्तिलाई असर पर्ने गरी रुख बिरुवा लगाएको, आफ्नो घर वा बलेसीबाट अर्काको घर, जग्गा वा सार्वजनिक बाटोमा पानी झरेको, सँधियारको जग्गातर्फ झ्याल राखी घर बनाउनु पर्दा कानुनबमोजिम छाड्नुपर्ने परिमाणको जग्गा नछोडी बनाएको, सङ्घीय वा प्रदेश कानुनले स्थानीय तहबाट निरूपण हुने भनी तोकेका अन्य विवाद।




## अन्तरिम संरक्षणात्मक आदेशसम्बन्धी व्यवस्था :

पतिपत्नीबिचको विवाद वा ज्येष्ठ नागरिकको संरक्षणसम्बन्धी विवादमा पीडित, निजको नाबालक सन्तान वा निजसँग आश्रित अन्य कुनै व्यक्तिको हितका लागि न्यायिक समितिले देहायको अन्तरिम संरक्षणात्मक आदेश दिन सक्छ। पीडितलाई निज बसी आएको घरमा बसोबास गर्न दिन, खान लाउन दिन, कुटपिट नगर्न तथा शिष्ट र सभ्य व्यवहार गर्न, पीडितलाई शारीरिक वा मानसिक चोट पुगेको भएमा उपचार गराउन, पीडितलाई अलग रूपमा बसोबासको प्रबन्ध गर्नुपर्ने देखिएमा सोको व्यवस्था गर्न र त्यसरी अलग बस्दा निजको भरणपोषणका लागि उचित व्यवस्था गर्न, पीडितलाई गालीगलौज गर्ने, धम्की दिने वा असभ्य व्यवहार गर्ने कार्य नगर्न, नगराउन, पीडितको हित र सुरक्षाका लागि अन्य आवश्यक र उपयुक्त कुरागर्न वा गराउन। अन्त्यमा स्थानीयस्तरमा विवाद निरूपण गरी विवादित पक्षहरूलाई न्यायको अनुभूति गराउन न्यायिक समितिहरूको भूमिका महत्वपूर्ण रहन्छ। स - साना प्रकृतिका विवादलाई स्थानीय तहमार्फत द्रुत निरूपण गरी विवादका पक्षहरूको समय र लागत बचत गर्नुका साथै विवादका पक्षहरूलाई मेलमिलापका लागि प्रेरित गरी जित जितको अवस्था सिर्जना गर्न न्यायिक समितिले गरेको योगदान उच्च रहेको छ। स्थानीय स्तरमा न्यायसम्पादनलाई प्रभावकारी बनाउनका लागि न्यायिक समिति र यसको क्षेत्राधिकारको बारेमा प्रचारप्रसार गर्नुका साथै न्यायिक समिति र सम्बद्ध कर्मचारीको क्षमता विकास गर्नुपर्ने देखिन्छ।